बेलौरी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बेलौरी, कञ्चनपुर

प.सं.:- २०८३।०८४

च.नं.:-

सुदूरपश्चिम प्रदेश, नेपाल

बेलौरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेलौरी, कञ्चनपुर सुदूरपश्चिम प्रदेश, नेपाल

मितिः २०८३।०५।१७

**गौरा पर्वको शुभकामना तथा स्थानीय बिदा सम्बन्धी सूचना ।**

सुदूरपश्चिम क्षेत्रको विशिष्ट साँस्कृतिक महत्व बोकेको 'गौरा पर्व २०८३' को पावन अवसरमा स्वदेश तथा विदेशमा बस्नुहुने सम्पूर्ण बेलौरी नगरवासी आमाबुबा, दिदीबहिनी तथा दाजुभाईहरुमा सुख, शान्ति, समृद्धि एवं सुस्वास्थ्यको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु।

धार्मिक एवं ऐतिहासिक धरोहरका रुपमा रहेको यस लोकपर्व तथा चाडपर्वले मौलिक संस्कृतिको संरक्षणमा थप योगदान गर्दै सबैमा उत्साह एवं उमंग जागृत गर्न सहयोग पुर्याउने विश्वास लिएको छु। साथै, यस ऐतिहासिक पर्वलाई हर्षोल्लासका साथ मनाउन सहज होस् भन्ने उद्देश्यले यस बेलौरी नगरपालिकाको कार्यालय, अन्तर्गतका सम्पूर्ण वडा कार्यालयहरू, स्वास्थ्य संस्थाहरू तथा सम्पूर्ण शैक्षिक संस्थाहरूमा मिति २०८३ साल भाद्र १८ गतेका दिन **स्थानीय बिदा** दिने निर्णय भएको व्यहोरा सम्बन्धित सबैमा हार्दिक जानकारी गराउँदछु।

गौरा पर्वको माध्यमबाट विविध जातजाती, भाषाभाषी र साँस्कृतिक परम्परा बोकेका नेपालीहरुको भावनात्मक एकतालाई थप प्रगाढ बनाउन मद्दत पुगोस् भनी शुभेच्छा समेत व्यक्त गर्दछु।

५।१६

पोतीलाल चौधरी

नगर प्रमुख

Phone: 099-580221/292 Email: belaurimunicipality@gmail.com Website: https://www.belaurimun.gov.np